परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक ६ २०७८ भदौं १३ गते आईतवार Sunday 29, AUG 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विरामीको आफन्तलाई ठग्ने विचौलिया



विभिन्न अस्पतालका वारेमा अफवाह फैलाई आफ्नो सम्पर्कका अस्पतालमा विरामी लाने विचौलियाहरु

बिराटनगर । विरामीको आफन्तलाई कोशी अस्पताल लगायतका अन्य अस्पतालमा उपचार राम्रो नभएको भन्दै अन्य नीजी अस्पतालमा उपचार गर्ने प्रेरित गर्ने १० जना विचौलीयालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका अन्तर्गत विभिन्न अस्पतालहरूमा उपचार गराउन आएका विरामी तथा विरामीका आफन्तहरूलाई भेटी "यहाँ डक्टर राम्रो छैन, यो अस्पतालमा कोरोना धेरै छ, उपचार राम्रो छैन" भन्ने जस्ता अफवाह फैलाई विरामी तथा आफन्तहरूलाई भ्रुक्यानमा पारी आफ्नो सम्पर्कमा भएको अस्पताल वा क्लिनिकमा उपचारको लागि प्रेरित गर्नेहरुलाई पक्राउ गरेका हो ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.-८ अमरटोल बस्ने बर्ष १८ को प्रधुम्न राय र ऐऐ बस्ने बर्ष २३ को आनन्द कुमार साहलाई भदौ ३ गते पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको छ ।

तीनीहरुले सम्पर्कमा भएको फार्मेसीमा औषधी किन्न वाध्य गराउने विचौलीयाको कार्य गरी सर्वसाधारण नागरिकलाई दु:ख हैरानी दिने लगायतको अभियोग लागेका छन् ।

यस्तो किसिमको ब्यवहारबाट अन्य कोही पनि पीडित हुनु भएको छ वा हुन गई रहेको थाहा भएमा जिल्ला प्रहरी कार्यालय मोरङमा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिएको छ । गर्न जिल्ला प्रहरी कार्यालय मोरंगले अनुरोध समेत गरेको छ ।

## जसपा आन्दोलनकै कारण ओलीको प्रतिगमण पराजीत

बिराटनगर । जनता समाजवादी पार्टीले गरेको आन्दोलनकै कारण ओलीको प्रतिगमन पराजीत भएको जसपा अध्यक्ष उपेन्द्र यादवले कार्यकर्ता अभिमुखि कार्यक्रममा दावी गरको थियो ।



जसपा अध्यक्ष उपेन्द्र यादव

उक्त कुरा जनता समाजवादी पार्टी (जसपा) प्रदेश नं. १ ले विराटनगरमा भदौ ९ गते बुधवारका दिन आयोजना गरेको कार्यकर्ता अभिमुखिकरण कार्यक्रमा वताएका हुन् । वहांका अनुसार तत्काल केपी शर्मा ओलीका प्रतिगमण पराजीत भएपनि अन्त भएको छैन । संघिय लोकतान्त्रिक गणतन्त्र समाप्त पार्ने फोहरी खेल फेरी हुन सक्ने भन्दै जबसम्म प्रतिगामीहरुलाई पूर्ण रुपमा परास्त गर्न सकिँदैन खतरा रहिरहन्छ । २०१७ मा पनि परिवर्तन समाप्त पार्ने खेल भएकले लोकतान्त्रिक शक्तिहरु सचेत रहन जरुरी रहोको वताए ।

दुईतिहाई बहुमत निकट पुगेको नेकपा ऐमाले सरकारका प्रधान मन्त्री केपी शर्मा ओली जनताद्धारा निर्वाचित भएपनि हिटलर जस्तै तानाशाह बन्न खोजेको आरोप लगाउँदै ओलीले लिपुलेक र कालापानीसहितको नक्सा जारी गरेर नक्कली राष्ट्रवादको खोल ओढेका थिए । तर केही दिनपछि नै लम्पसारवाद बनेको दावी गरेका थिए ।

संविधान संशोधनको लागि जसपाले सरकारमा सहकार्य गरेका थियौ तर उनको सरकारको संविधान संशोधन नगर्ने नियत बुझ्रेपछि जसपाको सहकार्य टुटेको थियो । ओलीको तानशाह सपना चक्नाचुर पारेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई दिगो बनाउने काम जसपाले गरेको यादवको दावी छ ।

ओली प्रतिगमनलाई पराजित गरेर परिवर्तनको रक्षामा जसपाले महत्वपूर्ण भूमिका खेलेको छ । महन्थ ठाकुर पक्षलाई कटाक्ष गर्दै केही बेइमानहरुले जसपाले थालेको लडाइँको मैदान छाडेर ओलीकै टाङ्गमुनि छिर्ने काम गरेको वताए । महन्थ ठाकुर एण्ड कम्पनी ओलीकै असंवैधानिक र अवैध कदमको साथ लागेर मन्त्री हुन गए र समाप्त पनि भए वहांको भनाई थियो ।

महन्थलाई प्रधानमन्त्री बनाउँछु भनेपछि मानेका थिए । कांग्रेस पनि सकारात्मक थियो । त्यो सम्भव थियो । तर महन्थ हस्ताक्षर गरेको २ घण्टामै सहमति तोडेर भागेको भन्दै अरुको इशारामा ओलीपथमा लाग्दा ठाकुर कम्पनीको बेहाल भएको छ निर्वाचन आयोगमा गुट दर्ता गर्न पुगेका ठाकुर समूहबाट मधेसको मुद्दा पार लाग्छ भन्नू भ्रम सिवाय अरु होइन ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई जोगाउने, संरक्षण गर्ने, संस्थागत गर्ने, पाएका अधिकार, सङ्घीयता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिकलाई संस्थागत गर्ने, संविधान भित्रका त्रुटिहरुलाई सच्याउने, विभेद हटाउन संविधान संशोधन परिमार्जन गर्ने जसपाको लक्ष्य रहेको वताए ।

अहिलेको ७ प्रदेशको संरचना अपुर्ण छ । राज्य पुनरसंरचना आयोगले दिएको सुझावका आधारमा

वांकी अन्तिम पेजमा...

## परिसंघद्धारा सुविधा कार्यन्वयन गर्न माग

बिराटनगर । आर्थिक वर्ष २०७८/०७९ आर्थिक अध्यादेश र बजेट वक्तव्य मार्फत घोषणा गरेको सुविधा कार्यन्वयन गर्न नेपाल उद्योग परिसंघ प्रदेश नं. १ का अध्यक्ष भिम घिमिरेले माग गरेको छ ।

सो बजेट र आर्थिक अध्यादेशमा कम्पनी ऐन तथा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अनुसार आर्थिक वर्ष २०७५/०७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरेका कम्पनी तथा फर्महरुले २०७८ साल असोज मसान्त भित्र विवरण र शुल्क तथा जरीवानाको १० प्रतिशत रकम बुझाएमा वांकी शुल्क तथा जरिवाना मिनाह दिने व्यवस्था गरिएको छ ।

सो व्यवस्था अनुसार भएको सुविधा स्थानीय वाणिज्य कार्यालयहरुमा फर्म नविकरण गर्न जाँदा सो कार्यालयले वाणिज्य विभागवाट कुनै निर्देशन तथा परिपत्र

वांकी अन्तिम पेजमा...

## समान्तर कमिटी समाजवादी पार्टीमा समाहित

विराटनगर । नेकपा एमाले मोरङमा माधवकुमार नेपाल समूहले गठन गरेको समानान्तर कमिटी नेकपा (एकीकृत समाजवादी) पार्टीमा समाहित भएको छ ।

शनिबार मोरङको सुन्दर हरैंचामा बसेको समानान्तर कमिटीको बैठकले चन्द्रबीर राईको अध्यक्षतामा गठन भएको सिंगो समानान्तर कमिटी एकीकृत समाजवादीमा समाहित हुने निर्णय गरेको छ ।

नेकपा एमालेभित्र विवाद चरम उत्कर्षमा पुग्दै गर्दा मोरङमा ३२५ सदस्यीय समानान्तर कमिटी गठन भएको थियो । अहिले एकीकृत समाजवादीले वडातहसम्म गठन भएका समानान्तर कमिटीलाई पार्टीमा समाहित गर्दै सांगठनिक गतिविधि तिब्रता दिने भएको छ ।

जिल्ला कमिटीको बैठकले जिल्ला पदाधिकारीहरुको जिम्मेवारी समेत बाँडफाँड गरेको छ । कमिटीका अधिकांश सदस्य उपस्थित भएको पूर्ण बैठकले दुई उपाध्यक्ष, सचिव, दुई सहसचिव र आर्थिक विभागका प्रमुखसमेतको जिम्मेवारी टुंगो लगाएको छ ।

एकीकृत समाजवादी मोरङले डा.उद्धव पोखरेललाई मोर्चा विभाग प्रमुख, राजन केसीलाई संगठन विभाग प्रमुख, चण्डी राईलाई स्कुल विभाग प्रमुख, निलम ढुंगेललाई श्रम तथा रोजगार विभाग प्रमुख र वसिम आलमलाई प्रचार प्रवक्ताको जिम्मेवारी तोकेको छ ।

वांकी अन्तिम पेजमा...






## ६ लागुऔषध रहित परिवार : स्वस्थ जीवनको आधार

- टोलाउने, लट्ट परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागुऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन्

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसंग सम्पर्क गरौ ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## जेष्ठ नागरिक साझा चौतारी ग्रामथानको चौथो साधारण सभा सम्पन्न



बिराटनगर । जेष्ठ नागरिक साझा चौतारी सेवा समाजले जेष्ठ नागरिक ८७ वर्षिय नेत्र मंजरी खतिवडाको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उक्त साधारण सभाको प्रमुख अतिथीमा संघिय सांसद अमनलाल मोदीलाई राखिएकोमा अमनलाल मोदीकै अनुरोधमा खतिवडालाई प्रमुख अतिथी बनाइएको थियो ।

साधारण सभाका विशिष्ठ अतिथी मोदीले जेष्ठ नागरिकहरुले गरेको क्रियाकलापहरुलाई जोगाई राख्न, संस्कृति परम्पराहरुको संरक्षणको लागि जेष्ठ नागरिकको संरक्षण हुन आवश्य रहेको भन्दै ६० वर्ष उमेर पुगेकोलाई जेष्ठ नागरिकमा राख्ने पर्ने वहांको भनाई थियो ।

त्यसैगरी कार्यक्रमका विशिष्ठ अतिथी ग्रामथान गाउँपालिकाकी उपाध्यक्ष फूल कुमारी चौधरीले जेष्ठ नागरिकहरु सिकेका सिपहरुलाई यूवापुस्तामा हस्तान्तरण गर्नका लागि सिप मुलक तालिम जेष्ठ नागरिक मार्फत संचालन गर्ने गाउँपालिकाको योजना रहेको वताए ।

उक्त साधारण सभामा २०७७/०७८ को आय व्यास समते प्रस्तुत गरेका थिए । सो सभा जेष्ठ नागरिक साझा चौतारी सेवा समाजको अध्यक्ष राम कृष्ण खतिवडाको सभापतित्वमा सम्पन्न भएको थियो ।

## जसपा...

यसलाई परिवर्तन परिमार्जन गर्ने र पहिचानमा आधारित सङ्घीयता लाई स्थापित गर्ने राजनीतिमा यो सम्भव छैन, तर केही समय लाग्ने यादवको दावी छ ।

नेपालमा बसोवास गर्ने महिला, दलित/शिल्पी, आदिवासी जनजाति, मधेसी लगायतका असमानता, उत्पीडन र विभेद् अन्त्य गर्ने अबको लडाइँ भएकोले उनीहरुको लडाईलाई सफल बनाई अधिकारलाई स्थापित काममा जसमा लागेको वताए ।

समानता र पहुँचमा सवैकवो बराबरी हक स्थापित गर्न, विभेद रहित समाज निर्माण गर्दै नेपाललाई आर्थिक रूपमा सम्पन्न र समृद्ध बनाउने आन्दोलन पनि जसपाले नै गर्छ जसपाले गर्छ । नेपालमा समानता, समृद्धि र सामाजिक न्यायको प्राप्तपछि समाजवादमा परिनत हुन्छ । अहिलेको समाजवाद को नारा गलत भएको दावी गरेको थियो ।

## परिसंघद्धारा...

प्राप्त नभएको भन्दै नविकरण गर्न मानेका छैनन् ।

तर नेपाल सरकार कै अन्य निकायवाट सोही बमोजिम नै कार्यान्वयन भै रहेकोले वाणिज्य तर्फ दर्ता रहेका व्यवसायी, फर्महरु सरकारवाट उपलब्ध गराएको सुविधावाट बन्चित भैरहेको अवस्था रहेकोले घिमिरेले विज्ञप्ती मार्फत सो सुविधा दिन सरकार संघ माग गरेको हो ।

उक्त व्यवस्था कार्यन्वय नहुँदा उद्योगी व्यवसायीहरु हतोत्सायी हुने अवस्था आएकोले बजेट मार्फत घोषणा गरको सविधा माग गर्दै उद्योग माणिज्य तथा आपुर्ति मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, जिल्ला प्रशासन कार्यालय मोरंग, नेपाल उद्योग परिसंध थापाथली काठमाण्डौ र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगर समेतलाई बोदार्थ दिदै विज्ञप्ती मार्फत माग गरेको छ ।

## समान्तर...

पार्टीको बैठकमा आफू निकट रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा वडाध्यक्ष र वडासदस्य रही जिल्ला कमिटीको जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो ।

बैठकले १७ वटै स्थानीय तह र सबै वडाहरुमा पार्टीको भेला आयोजना गरी कमिटीहरुलाई पूर्णता दिने र जिम्मेवारी बाँडफाँड गर्ने निर्णय समत गरेको छ ।

शुक्रबार नेकपा एकीकृत समाजवादीले विराटनगर महानगर कमिटीको भेला आयोजना गरेर समानान्तर कमिटीलाई पार्टीमा समाहित गर्ने निर्णय गरेको थियो । साथै महानगर कमिटीका पदाधिकारीहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरेको थियो । महानगर कमिटीले सबै वडाहरुमा भेला आयोजना गरी कमिटी निर्माणको कामलाई तीब्रता दिने भएको छ ।





## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एवं अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

## मेरिल्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत १९ वर्षदेखि देशभरिका कलेजहरुमध्ये लगातार टपटेनमा पर्दै आएको र यस वर्ष पनि नेपालमा नवौं स्थानमा पर्न सफल मेरिल्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा विनम्र अनुरोध गर्दछौं ।



**मेरिल्याण्ड कलेज**
रंगेली रोड, विराटनगर फोन नं. : ०२१-५१५५४०, ५७५२७५, ४७०४९२


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विद्यार्थीको भविष्य अन्यौल

विश्वमा दुई वर्ष देखि कोरोनाको असर नपरन कुनै पनि क्षेत्र छैन । कोरोनाको असर अहिले कमी कम देखिएपनि फेरी पनि अलग-अलग भेरियन्टमा आईराख्ने स्वास्थ्य विज्ञहरु लगायत विश्व स्वास्थ्य संगठन समेतले वताई रहको छ । कोरोना समय कालमा लाखौले ज्यान गुमाएका छन् । विश्वभरीका देशहरुका आर्थिक अवस्था खस्कि सकेको अवस्थामा विकसित देशहरुले आफ्नो आर्थिक अवस्था सुधारका लागि योजनाहरु बनाई शैक्षिक क्षेत्रलाई समेत चलायमान बनाएका छन् । तर नेपालमा उद्योग, कलकारखाना, हाटबजार, लगायत सवै क्षेत्रलाई चलायमान बनाएपनि विद्यार्थीहरुको भविष्य बनाउने विद्यालयहरुलाई चलायमान नबनाएर विद्यार्थीहरुको भविष्य अन्यौलमा परेको छ । विद्धानहरुले भनेका छन् आधुनिक युगमा कुनै देशलाई बम, बारुद, तोपले मार्नु पर्दैन त्यो देशको शैक्षिक स्तर कम्जोर पारे त्यो देश आफै मर्छ । विकसित देशहरु अमेरीका, वेलायत, यूरोप लगायतका देशहरुले गत वर्ष वाटै पढाई सुचारु गरि सकेका छन् भने कोरोना भेरियन्टको नाममा हामी जस्ता अविकसित देशहरुमा अझै विद्यालयहरुलाई बन्द गरी विद्यार्थीको जीवन माथि खेलवाड सरकारले खेलवाल गरी रहेको छ ।

नेपालको सन्दर्भमा विद्यार्थीहरुको पढाई हेर्ने हो भने नेपाल सरकारले अनलाइन कक्षा संचालन गर्न भनेको छ तर देश भरीका शहर केन्द्रित इन्टरनेट सेवा मात्र छ । जसले गर्दा शहरी क्षेत्रका केही विद्यार्थीहरुले अनलाईन कक्षामा अध्यापन गरेपनि प्रभावकारी छैन । विद्यार्थीले ३ घण्टा अनलाईन कक्षा गर्छन भने १५ घण्टा विदेशहरुले चलाएको खेल फ्रि फायर हेर्छन विद्यालय स्तरमा ८१ लाख र विश्वविद्यालयमा पाँच लाखभन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेका छन् । त्यस मध्ये २० प्रतिशत विद्यार्थी मात्र अनलाईन कक्षामा सामेल हुन्छ भने ८० प्रतिशत विद्यार्थी अनलाईन कक्षाको पहुँचवाट बञ्चित रहेका छन् ।

विद्यालय बन्द हुँदा विद्यालय भित्र रहेको भौतिक संरचनाहरु समेत नष्ट भएर खेर गईरहको छ । विद्यालयमा भएको भौतिक संरचनाहरुलाइ पुन: मर्मत सम्भार नगरी विद्यालय संचालनका अवस्था छैन । शैक्षिक क्षेत्रमा समस्या धेरै भए पनि हालसम्म नेपाल सरकारले समाधानको लागि कुनै प्रयार गरेको देखिदैन । त्यसैले अन्य क्षेत्रजस्तो शैक्षिक संस्था खुल्ला गर्न सहज त छैन । तर, विकल्प खोज्न सकिन्छ । अन्य मुलुकले चालेका सही कदमको बारेमा अध्ययन गरी सोही विधीवाट नेपालमा पनि विद्यलायहरु संचालन गर्न सकिन्छ । विद्यलाय क्षेत्रलाई संचालन गर्नु अधि नै सम्पूर्ण विद्यार्थी, शिक्षक, विद्यालयमा कार्यरत कर्मचारीहरुलाई कोरोना विरुद्धको भ्याक्सीन लगाएर, समाजिक दुरी कायम गरी, मास्क र सेनिटाईजरको प्रयोग गरी, नेपाल सरकारले बनाएका मापदण्ड पुरा गर्दै विद्यालयलाई चलायमान बनाउन सवै पक्ष गम्भिर हुन आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# तरमारा किं हकमारा ?

**दिपेन्द्र झा**

सर्वोच्च अदालतले आरक्षण मुद्दामा २०७७ पुस १ गते गरेको आदेशले आरक्षणबारे नयाँ बहस सुरू गरेको छ। यो निर्देशनात्मक आदेश उच्च शिक्षा कोटाको विषयलाई लिएर गरिएको हो। तर यसलाई सरकारी जागिरमा रहेको समग्र आरक्षणसँग जोडेर बहस भइरहेको छ ।

आरक्षण जातीय आधारमा नभएर विपन्न वर्गलाई दिनुपर्ने आदेश सर्वोच्चले गरेको छ। 'क्रिमी लेयर' अर्थात् तरमारा वर्गलाई आरक्षण सुविधा नदिन भनिएको छ।

अदालतले भनेको छ- आरक्षण सम्बन्धी व्यवस्थालाई वर्गीयता र जातीयतामा नभई आवश्यकता केन्द्रित बनाए मात्र यसले संविधानको साध्य हासिल गर्न सक्छ ।

प्रकरण ११८ मा सर्वोच्चले भनेको छ- वास्तवमै गरिब, निमुखा र आफ्नो स्रोतसाधनले शिक्षा आर्जन गर्न नसक्ने वर्गलाई नै आरक्षणको छहारीभित्र ल्याउने र संविधानको धारा १८ (३) को प्रतिबन्धात्मक वर्गमा पर्ने तर सक्षमलाई बाहेक गरेमा मात्र यसले संविधानको लक्ष्यलाई पछ्याउन सक्छ ।

१२६ जातजाति र १२३ भाषाभाषीको बसोबास रहेको हाम्रोजस्तो मुलुकमा राजनीतिक, आर्थिक र सामाजिक रूपमा पछाडि पारिएका वर्ग पहिचानको मापदण्ड बनाउनु निकै चुनौतीपूर्ण हुन्छ। स्पष्ट भन्दा, सर्वोच्चको यो आदेशले आरक्षण जातजातिका आधारमा नभई मानव विकास सूचकांकका आधारमा दिन भनेको छ ।

फैसलाबारे टिप्पणी गर्नुअघि यति भन्न आवश्यक छ- न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र विश्वम्भर श्रेष्ठको संयुक्त इजलासबाट भएको यो आदेशमा संविधानको धारा ४२ र १८ जस्तो गहन र संविधानको आधारभूत संरचनाको व्याख्या भएकाले सुनवाइ पनि संवैधानिक इजलासबाटै हुनुपर्थ्यो ।

गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, लोकतन्त्र र समावेशी समानुपातिकताको विषय यो संविधानको मूलभूत संरचना हो। केशवानन्द भारतीको मुद्दामा भारतीय सर्वोच्च अदालतले संविधानको आधारभूत संरचना अपरिर्वतनीय र अहरणीय हुन्छ भनी व्याख्या गरिसकेको छ। त्यसैले यी विषय अपरिवर्तनीय र अहरणीय हुनुपर्छ। जनताको ठूलो बलिदानीपछि यी आधारभूत संरचनाले संविधानमा मान्यता पाएका हुन्। यस कारण तर्कका आधारमा यी मान्यतालाई गलत साबित गर्न खोज्नु निश्चय पनि तार्किक र औचित्यपूर्ण हुँदैन ।

यो आदेशको विस्तृत टिप्पणी गर्नुअघि नेपालमा आरक्षण किन लागू भयो भन्नेबारे बुझ्न आवश्यक छ ।

यो देश मेरो पनि हो भन्ने भावना सबै नेपालीमा हुनु आवश्यक छ। यसका लागि राज्यले राज्यको शक्ति, स्रोत र अवसरमा सबैको समान सहभागिता हुने स्थिति बनाउनुपर्छ। राज्यका सबै अंगमा सबै वर्ग र समुदायको प्रतिनिधित्व पनि समानुपातिक रूपमा हुन आवश्यक छ। शिक्षा, दिक्षा र अवसरमा विविधता प्रतिबिम्वित गर्न आवश्यक छ ।

नेपालमा यस्तो अवस्था अहिलेसम्म कायम हुन सकेको छैन। केही सीमित वर्ग र समुदायले नेपालमा शक्ति, साधन र स्रोतमा सदियौंदेखि हालीमुहाली गरेको यथार्थ हामीसमक्ष छ। अर्कोतर्फ ठूलो तप्का चरम विभेदको शिकार भएका छन् ।

जातीय व्यवस्था, सामाजिक, सांस्कृतिक विभाजन, पितृसत्तात्मक संरचना र छुवाछुतका कारण समाजमा भेदभाव हुँदै आएको छ। कथित तल्लो जातका मानिसलाई जंगबहादुर राणाले ल्याएको मुलुकी ऐनमै विभेद गरिएको थियो। छुवाछुतलाई कानुनी मान्यता दिइएको थियो। मधेसीहरूले देशको राजधानी काठमाडौं आउनुपर्दा पासपोर्ट बोक्नुपर्ने र भिसा लिनुपर्ने व्यवस्था राणा शासन अन्त्य भएको केही समयसम्म कायम रहेको कुरा स्मरणीय छ ।

आजको २१औं शताब्दीमा पनि महिलाले पुरुषसरह समान अधिकार प्राप्त गर्न सकेका छैनन्। नागरिकतामा महिला र पुरुषलाई गरिने व्यवहार नै भेदभाव दर्शाउन पर्याप्त छ। कर्णाली प्रदेशले क्षेत्रगत विभेद भोग्दै आएको छ। त्यहाँको औसत आयु नै अन्य नेपालीको तुलनामा कम छ ।

भेदभावको यही ऐतिहासिक तितो सत्य आत्मसात् गरी सबैको न्यायोचित प्रतिनिधित्व गराउन संविधानको प्रस्तावना लगायत विभिन्न भागमा समानुपातिक सहभागिताको कुरा राखिएको हो ।

अब सर्वोच्च अदालतले भनेको 'तरमारा' वर्गका बारेमा कुरा गरौं ।

नेपालमा तरमारा वर्ग को हो? यसको तथ्यांक संकलन भएको छ? कुरूप कार्यान्वयनको बाह्रौं वर्षमा बामे सर्दै गरेको आरक्षणले नेपालमा तरमारा वर्ग जन्माएको हो वा होइन? यो नै बहसको विषय हो ।

जातीय र सामुदायिक विभेदकारी सामाजिक संरचनाले थला परेको नेपाली समाजलाई वर्गीय आधारमा आरक्षण दिँदा कति न्यायापूर्ण र औचित्यपूर्ण होला? वर्गीय र आवश्यकता तथा मानव विकास सूचकांकका आधारमा गरिब व्यक्तिलाई मात्रै आरक्षण गर्दा संविधानको धारा ४२ विपरीत हुँदैन? एउटै वर्गको गरिब व्यक्तिले समाजका सबै अंगमा प्रतिनिधित्व गर्न पाउने अवस्थामा समानुपातिक समावेशिताको सिद्धान्त कसरी कार्यान्वयन गर्ने ?

समानुपातिक समावेशिताको कुरा यति महत्वपूर्ण छ, हामीले वञ्चितीकरणमा परेको समुदायको राजनीतिक प्रतिनिधित्व गराउन निर्वाचन प्रणाली नै परिवर्तत गरेका छौं। अझ पूर्ण समानुपातिक प्रतिनिधित्वको प्रणालीमा जाने बहस गरिरहेका छौं ।

अन्तरिम संविधान २०६३ मा समानुपातिक समावेशिताको सिद्धान्तले ऐतिहासिक रूपमा भेदभाव भोगेका समुदायलाई क्षतिपूर्तिका रूपमा आरक्षण दिने मनसाय राखेको थियो। नयाँ संविधान बन्ने क्रममा यो सिद्धान्तमा केही क्षयीकरण गरिए पनि (आरक्षणको समूह बढाएको कारण) नेपालको संविधानले सकारात्मक विभेदको औचित्यका रूपमा ऐतिहासिक रूपमा भएको भेदभावलाई नै आधार मानेको छ ।

सर्वोच्च अदालतले भनेजस्तै कार्यान्वयन गर्ने हो भने वर्गीय रूपमा आरक्षण दिँदा सदियौंदेखि देशको शक्ति, स्रोत र अवसरमा आधिपत्य जमाउँदै आएको समुदाय र लिंगको नै पुन: आधिपत्य हुनेछ। गरिबीलाई मात्रै आधार मान्दै कुनै एउटा वर्ग वा समुदायको व्यक्तिले नै आरक्षणको फाइदा लिन सक्ने अवस्था हुन्छ। अल्पसंख्यकहरूको शिक्षामा पहुँच र राज्यका अंगहरूमा प्रतिनिधित्व नहुन सक्छ। त्यस्तो अवस्थामा देशको विविधता प्रतिविम्बित हुने अवस्था त रहँदैन नै, ऐतिहासिक रूपमा भेदभाव भोगेको समुदायलाई क्षतिपूर्ति गर्ने अवस्थासमेत रहँदैन ।

सर्वोच्च अदालतले राज्यको उच्च ओहोदामा बसेका व्यक्तिलाई तरमारा वर्गमा राख्न सकिने कुरा गरेको छ। के धनी भइसकेपछि ऐतिहासिक रूपमा भेदभावमा परेका समुदायका व्यक्तिको भेदभाव समाप्त भएर जान्छ? के सचिव भइसकेको दलित व्यक्तिलाई समाजमा भेदभाव गर्नबाट रोकिएको छ ?

सर्वोच्चको आदेशको बुँदा नम्बर ११८ मा भारतको इन्द्र सहनी र क्यानडाको कनिङ मुद्दाको उदाहरण दिँदै ती मुद्दामा प्रयोग भएको 'क्रिमी लेयर' शब्दलाई तरमारा वर्गका रूपमा प्रयोग गरिएको छ। भारतमा आरक्षणको इतिहास १९३२ को पुने एक्टबाट सुरू भएको र झन्डै ९० वर्षको आरक्षणको लामो श्रृंखला भएकाले तरमारा वा क्रिमी लेयर बनेको हुन सक्छ भन्न मिल्ला ।

तर के नेपालमा १५ वर्ष नकाटेको आरक्षणको अनुभवले तरमारा जन्माइसकेको हो ?

तरमारा हुन त एउटै व्यक्ति र परिवार बारम्बार पुस्ता-दरपुस्ता आरक्षणको फाइदा लिएर 'एलिट' भइसकेको हुनुपर्छ। यदि तरमारा वर्गले नै सबै अवसर ओगटको भए नेपाल र भारतमा वञ्चितीकरणमा परेको वर्ग वा समुदायका लागि छुट्याइएको कोटा पनि हरेक वर्ष पूर्ति नहुने समस्या किन हुन्थ्यो ?

नेपालकै उदाहरण हेर्दा पनि यो प्रस्ट हुन्छ। मधेसी लगायत कोटाका सिटहरू हरेक वर्ष पूर्ति भइरहेका छैनन्। तरमारा वर्गले यदि सबै सिट ओगटेको भए यो अवस्था हुन्थ्यो ?

भारत, क्यानडा, अमेरिका लगायत कयौं देशका आरक्षणमा भएका नकारात्मक पक्षका उदाहरण र आलोचकका भनाइलाई आदेशमा उद्धृत गरिएका छन्। भारतमै पनि तरमारा वर्गको विषयमा बहस भइरहेकै छ। त्यहाँको अदालतले अनुसूचित जाति तथा जनजातिको तरमारा वर्गलाई आरक्षणबाट बाहेक गर्न भनेकोमा भारतीय जनता पार्टीको सरकारले फैसलाप्रति विमति राखेर अदालतलाई पुनर्समीक्षा गर्न भनेको छ ।

फेरि यो आदेशमा आरक्षणका लागि योग्य मानिने समूहभित्रको तरमारा वर्ग पनि भनिएको छैन। आरक्षणका लागि योग्य मानिने जातीय समूहभित्रका गरिब व्यक्तिलाई आरक्षणको फाइदा दिनुपर्ने कुरा गरिएको भए बहस

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# परिवारिक विवाद मिलाउन जाँदा हत्याको आरोप

बिराटनगर । पारिवारिक विवाद मिलाउन भदौ ३ गते विहीवारका दिन छिमकीमा गएको मोरङ मिक्लाजुङ्ग गाउँपालिका वडा नं.६ भण्डारी टोल बस्ने बर्ष ३३ को रविन तामाङसंगै अन्य तीन जनालाई हत्याको आरोपमा प्रहरीले पक्राउ गरेका छन् ।

तामांङ्गसंगै पक्राउ पर्नेहरुमा मोरङ मिक्लाजुङ्ग गाउँपालिका वडा नं. वडा नं. ६ भण्डारी टोल बस्ने बर्ष २५ को संजय तामाङ, बर्ष ३० को आईतराज तामाङ, बर्ष ४० को भाग्य बम्जन रहेका छन् ।

घटनाको विवरण अनुसार रविन तामांङ्गले श्रीमतीसँग पारिवारिक वादविवादमा छिमेकीहरू मिलाउन जाँदा मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ६ भण्डारी टोल बस्ने बर्ष ४५ को धनराज लिम्बु र बर्ष ५५ को दुर्गा बहादुर कार्कीलाई ती ब्यक्तिहरूले लाठीले टाउकोमा प्रहार गरी घाईते बनाएका थिए ।

घाईतेहरुलाई स्थानिय अस्पतालमा उपचार पश्चात थप उपचारको लागि विराटनगर महानगरपालिका वडा नं. २ स्थितमा रहेको विराटनगर अस्पताल ल्याईएकोमा उपचारको क्रममा मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ६ भण्डारी टोल बस्ने बर्ष ४५ को धनराज लिम्बुको शनिवार मृत्यू भएको थियो ।

घाईते सोही ठाउँ बस्ने बर्ष ५५ दुर्गा वहादुर कार्की स्थानिय साझा अस्पताल मिक्लाजुङमा उपचार पश्चात घर फर्की सामान्य अवस्था छ ।

उक्त वारदातमा संलग्न व्यक्तिहरुलाई ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी सम्मानित मोरङ जिल्ला अदालतबाट ज्यान सम्बन्धी कसूरमा दिन ८ (आठ) म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंले जनाएको छ ।

# मोटरसाईकल चालकको मृत्यु

सुनसरी । सुनसरी जिल्लाको कोशी गाऊपालिका वडा नं. ३ जमुवा चोक स्थित पुर्व पश्चिम राजमार्गमा पिकअपको ठक्करबाट मोटरसाईकल चालकको मृत्यु भएको छ भने मोटरसाईकल पछाडी सवार घाईते भएका छन् । मृत्यु हुनेमा सप्तरी महादेवा गाऊपालिका वडा नं. ६ का ३५ बर्षीय राम नाथ मण्डल रहेको छ ।

पश्चिम तर्फ जादै गरेको प्र २ -०३-००१ च ३००७ नम्बरको पिकअप ले बिपरित दिशाबाट आउदै गरेको प्र २ -०१-००२ प ५६५ नम्बरको मोटरसाईकललाई ठक्कर दिएको थियो ।

सो दुर्घटनामा गम्भिर घाईते भएका मोटरसाईकल चालक राम नाथको जिल्ला अस्पताल ईनरुवामा उपचारको क्रममा विहीवारै मृत्यु भएको थियो भने मोटरसाईकल पछाडी सवार सप्तरी हुनुमान कंकालिनी नगरपालिका ११ का १९ बर्षीय सन्तोष कुमार मण्डलको नोवेल अस्पताल विराटनगरमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

ठक्कर दिने पिकअप र चालक सर्लाही बर्छवा ९ का २३ बर्षीय अंश कुमार साह प्रहरीको नियन्त्रणमा रहेको छ ।

# करेन्ट लागेर एक जनाको मृत्यु

ईलाम । इलाम रोङ गाऊपालिका ६ वडा नं. सलकपुर कि ५० बर्षीया मैस्याङ तामाङको करेन्ट लागेर मृत्यु भएको छ ।

सोमवार आफ्नै पुरानो घरमा घाँस काट्नको लागी घास काट्ने मेशिनमा लाईनमा जोड्न जाँदा मेशिन माथी राखेको सुईटर बेरिन गई स्वईटर निकाल्ने क्रममा करेन्ट लागी घाईते भएकी तामाङको उपचारको लागी लैजान घरमा ल्याई पुऱ्याउदा मृत्यु भएको थियो ।

घटनाको जानकारी पाए लगतै प्रहरी चौकी जिर्मले र ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट प्रहरी टोली खटि गई थप अनुसन्धान भई रहेको छ ।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ने हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनवर्षि नगरपालिका मोरंग प्रदेश नं. १

# औषधीय गुणले भरिपूर्ण करेला



करेला तितो हुन्छ । तर औषधीय गुणले भरिपूर्ण हुन्छ। करेला पेटको लागि मात्र नभई छाला र चिनी रोगका लागि पनि फाइदाजनक मानिन्छ ।

करेलामा फोस्फोरस पर्याप्त मात्रा पाइन्छ । जसले कफ, कब्जियत र पाचन प्रणाली सम्बन्धी समस्याबाट बचाउँछ। यदि तपाईंलाई भोक लाग्दैन भने करेलाको सेवन गर्नुहोस् । यसले भोक नलाग्ने समस्याबाट पनि छुटकारा दिन्छ ।

करेलाबाट प्रचुर मात्रामा भिटामिन ए, बी र सी प्राप्त गर्न सकिन्छ। यसका साथै क्याराटिन, बिटाक्याराटिन, लुटिन, आइरन, जिंक, पोटासियम, म्याग्नेसियम र म्यागनिज जस्ता फ्लावोन्वाइड पनि पाइन्छ। जुन स्वस्थ्य शरीरका लागि निकै आवश्यक छ ।

करेलाले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ। करेलाको सेवन मधुमेहका बिरामीका लागि फाइदाजनक मानिन्छ । करेला सेवनबाट हुने विभिन्न फाइदालाई यहाँ प्रस्तुत गरिएको छः।

करेलाको रसले पत्थरीको समस्या हटाउँछ

करेलाको रस सेवनले पत्थरीको समस्याबाट छुट्कारा पाउन मद्दत मिल्छ। ताजा करेलाको रस सेवन गर्नाले पत्थरी बाहिर निस्कने गर्छ ।

ग्याँसको उपचार

करेलाले पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ। पाचन प्रणालीलाई सही राख्न मात्र नभई करेलाको सेवन ग्याँस, अपच जस्ता समस्याको समाधान पनि हो ।

कलेजो बलियो बनाउँछ

करेलाको जुसले कलेजोलाई बलियो बनाउँछ। यति मात्र नभई कलेजोको सबै किसिमको समस्याबाट छुटकारा दिन पनि करेलाको भूमिका महत्वपूर्ण मानिन्छ ।

रोग प्रतिरोधात्मक क्षमता बढाउँछ

करेलामा पाइने खनिज र भिटामिनले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । रोगसँग लड्ने क्षमता बलियो हुँदा शरीरमा विभिन्न रोग लाग्ने जोखिम कम भएर जान्छ ।

मधुमेहका बिरामीका लागि फाइदाजनक

रगतलाई सफा गर्नका लागि करेला अमृत समान मानिन्छ। मधुमेहका बिरामीका लागि करेलाले फाइदा दिन्छ। एक चौथाई कप करेलाको रस, यही मात्रामा गाजरको रस मिसाएर पिउँदा स्वास्थ्यका लागि फाइदाजक हुन्छ ।

- एजेन्सीको सहयोगमा

करेला तितो हुन्छ। तर औषधीय गुणले भरिपूर्ण हुन्छ। करेला पेटको लागि मात्र नभई छाला र चिनी रोगका लागि पनि फाइदाजनक मानिन्छ ।

करेलामा फोस्फोरस पर्याप्त मात्रा पाइन्छ। जसले कफ, कब्जियत र पाचन प्रणाली सम्बन्धी समस्याबाट बचाउँछ। यदि तपाईंलाई भोक लाग्दैन भने करेलाको सेवन गर्नुहोस्। यसले भोक नलाग्ने समस्याबाट पनि छुटकारा दिन्छ ।

करेलाबाट प्रचुर मात्रामा भिटामिन ए, बी र सी प्राप्त गर्न सकिन्छ। यसका साथै क्याराटिन, बिटाक्याराटिन, लुटिन, आइरन, जिंक, पोटासियम, म्याग्नेसियम र म्यागनिज जस्ता फ्लावोन्वाइड पनि पाइन्छ। जुन स्वस्थ्य शरीरका लागि निकै आवश्यक छ ।

करेलाले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ। करेलाको सेवन मधुमेहका बिरामीका लागि फाइदाजनक मानिन्छ। करेला सेवनबाट हुने विभिन्न फाइदालाई यहाँ प्रस्तुत गरिएको छः

करेलाको रसले पत्थरीको समस्या हटाउँछ

करेलाको रस सेवनले पत्थरीको समस्याबाट छुट्कारा पाउन मद्दत मिल्छ। ताजा करेलाको रस सेवन गर्नाले पत्थरी बाहिर निस्कने गर्छ।

ग्याँसको उपचार

करेलाले पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ। पाचन प्रणालीलाई सही राख्न मात्र नभई करेलाको सेवन ग्याँस, अपच जस्ता समस्याको समाधान पनि हो।

कलेजो बलियो बनाउँछ

करेलाको जुसले कलेजोलाई बलियो बनाउँछ। यति मात्र नभई कलेजोको सबै किसिमको समस्याबाट छुटकारा दिन पनि करेलाको भूमिका महत्वपूर्ण मानिन्छ ।

रोग प्रतिरोधात्मक क्षमता बढाउँछ

करेलामा पाइने खनिज र भिटामिनले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। रोगसँग लड्ने क्षमता बलियो हुँदा शरीरमा विभिन्न रोग लाग्ने जोखिम कम भएर जान्छ।

मधुमेहका बिरामीका लागि फाइदाजनक

रगतलाई सफा गर्नका लागि करेला अमृत समान मानिन्छ। मधुमेहका बिरामीका लागि करेलाले फाइदा दिन्छ। एक चौथाई कप करेलाको रस, यही मात्रामा गाजरको रस मिसाएर पिउँदा स्वास्थ्यका लागि फाइदाजक हुन्छ।

- एजेन्सीको सहयोगमा

# ५० प्रतिशत पहिलो भुक्तानीमा वाटर प्यूरिफायर घरमा

बिराटनगर । नेपालमा पहिलो पटक सेमिको पानी शुद्ध पार्ने वाटर प्युरिफायर ५० प्रतिशत पहिलो भुक्तानीमा नै नेपाली ग्राहकले घर लान पाउने भएको छ ।

हाजी इलेक्ट्रोनिकसका प्रवन्ध निर्देशक खुर्शिद आलमले पत्रकार सम्मेलन गरी पानी शुद्ध पार्ने सेमि कम्पिनीको वाटर प्युरिफायरको बारेमा जानकारी गराएका थिए ।

हरेक नेपालीको घरमा शुद्ध पानी भन्ने नाराका साथ नेपाली बजारमा पहिलो पटक आएको वाटर प्युरिफायर ग्राहकले पहिलो पटक ५० प्रतिशत जम्मा गरी लान सकिन्छ । त्यस पश्चात वांकी रकम प्रत्येक महिनामा १ हजार बुझाउनु पर्ने सुविधा दिएका छ । वाटर प्युरिफायरको बजार मुल्य २४ हजार रहको छ ।




विराटनगर मेन रोड स्थिति हाजी इलेक्ट्रोनिक्सका प्रवन्ध निर्देशक खुशीद आलम बीचमा

वाटर प्युरिफायर ग्राहकले खरिद गरे पश्चात अन्य ग्राहकलार्य रिफर गरेका हरेक रिफरल मा ५ सय समेत छुट हनेछ । वार्षिक २ हजार ५ सय अतिरिक्त शुल्क तिर्दा कम्पनिले जति पटक प्युरिफायर बिग्रे पनि बनाई दिने नौलो सुविधा समेत दिने आलमले बताए ।

त्यसैगरी हरेक महिना डाउन पेमेन्टको पैसा भुक्तानी घरमै बसेर दिन सकिने र कम्पनीको व्यक्ती घरमा आउँदा सर्भिसिङ्ग का साथै सुझाव समेत संकलन गर्ने छ । प्युरिफायरको विक्री वितरण पूर्ण रुपमा एप्स तथा वेबबाट हुने भएकोले ग्राहकले चौविसै घण्टा सुविधा प्राप्त गर्न सकिने आलमको दावी छ ।

वाटर प्युरिफायर विराटनगर को मेन रोडमा रेको हाजी इक्ट्रोनिकसमा समेत यी सुविधाहरु ग्राहकले प्राप्त गर्न सकिने छ ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# स्वास्थ्य सामग्री हस्तान्तरण



बिराटनगर । विश्व स्वास्थ्य संगठन नेपालले कोशी अस्पताल लाई अक्सिजन लगियातको स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

विराटनगर स्थित कोशी अस्पतालमा पुगेर विश्व स्वास्थ्य संगठन नेपालका प्रतिनिधि डाक्टर विनोद गुप्ताको नेतृत्वमा गएको टोलीले एक कार्यक्रमको आयोजना गरी कन्सथ्रैटर मेसीन, स्र्पा भेन्सचुरी मास्क, एडल्ट र प्याडाट्रीक लगायतका सामग्री अस्पतालाई हस्तान्तरण गरेको हो ।

स्वास्थ्य सामग्रीहरु मुख्य कार्यालयको सहयोगमा हस्तान्तरण गरिएको हस्तान्तरण गरिएको डाक्टर गुप्ता वताए । अस्पतालले सहजरुपमा स्वास्थ्य सामग्रीहरु गरी ग्रहण गरेकोमा अस्पताल परिवारलाई डाक्टर गुप्ताले धन्यवाद दिएका थिए ।

कोशी अस्पताल विकास समितिका अध्यक्ष महेश भट्टराईले विश्व स्वास्थ्य संगठन नेपालल अस्पतलालाई स्वास्थ्य सामग्री प्रदान गरी सहयोग गरेकोमा विश्वा स्वास्थ्य संगठनलाई धन्यवाद ज्ञापन गर्दै अस्पतालमा विरामीको चाप पढेको बेला संगठनले मेसिन सहयोग जुटाई दिएर सराहनीय काम गरेको वताए ।

विश्व स्वास्थ्य संगठन नेपालले अक्सिजन कन्सथ्रैटर मेसीन १५ थान, स्र्पा १५ थान, भेन्सचुरी मास्क १ सय ८० थान, एडल्ट र प्याडाट्रीक लगायतका सामग्री अस्पताललई हस्तान्तरण गरेको छ ।

स्वास्थ्य सामग्री ग्रहण गर्दै कोशी अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डाक्टर चुमनलाल दासले समेत विश्व स्वास्थ्य संगठनलाई धन्यवाद दिएका थिए ।

# ब्राउन सुगर कारोवारी पक्राउ

सुनसरी । ब्राउन सुगर कारोवारमा पक्राउ परेका एक जनाको बयानका आधारमा अर्को ब्राउन सुगर कारोवारी पक्राउ परको छ ।

सुनसरी प्रहरीले बराहक्षेत्र नगरपालिका वडा नं. ८ शुक्रवारेबाट ७ गते थप १ जना लागूऔषध ब्राउन सुगर सहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत सुपौल थाना बिरपुर बनेलीपट्टी ३ का २५ बर्षीय रुद्रनारायण कुमार यादव रहेको छ ।

भदौ ६ गते ब्राउन सुगर सहित पक्राउ परेका मानिसहरुले दिएको सुचनाको आधारमा यादवलाई ब्राउन सुगर ५२ ग्राम सहित पक्राउ गरेको हो । यादवले प्रयोग गरेको बीआर ५० के ०३८६ नम्बरको भारतिय नम्बर प्लेटको मोटरसाईकल सहित पक्राउ गरिएको हो ।

पक्राउ परेका यादव सोधपुछ गर्दा यस अघीनै पक्राउ परेका पुरुषोतम मेहताको घरमा थप ब्राउन सुगर लुकाई राखेको छ भनि खुलाई दिए पश्चात प्रहरी गई मेहताको घरमा खानतलासी लिदा थप १७ ग्राम ब्राउन सुगर बरामद भएको छ । पक्राउ परेका यादवलाई ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थप अनुसन्धान भईरहेको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**ग्रामथान गाउँपालिका मोरंग प्रदेश नं. १**





*यो धुम्रपानको आदत सजिलो*
*तरीकाले कहाँ छुट छ,,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट*
*हामीलाई फुकि हाल्छ ।*


# राजनीतिक शक्तिको खोजीमा मधेश

**वृषेशचन्द्र लाल**

विगत केही महिनादेखि नेपालका राजनीतिक दलभित्र उथलपुथल, नयाँ जोडतोड र गठजोडको प्रक्रिया तीव्र बनेको छ । नेपाली काँग्रेस अहिले सत्तामा पुगेको हुनाले केही शान्त देखिए पनि त्यहाँसमेत बदलिँदो परिस्थितिमा सुति नै राख्ने वा कोल्टे फेर्ने भन्ने उहापोह कतै न कतै कायमै रहेको देखिन्छ ।

माओवादी केन्द्र नेकपाबाट अलग्गिएपछि यस्तै आशङ्काको भुमरीबाट बच्न सत्ताको खेलमा लागेको छ । सत्ताबाटै यो अस्थिर समीकरणलाई टिकाइराख्ने प्रयत्नमा लागेको छ । त्यसकारण माओवादी केन्द्रको केन्द्रमा अहिले समीकरण गर्दै सन्तुलनमा रहने कोसिस पहिलो प्राथमिकता हुनपुगेको हो ।

अहिले दूरदृष्टि वा नीति गौण भएको अवस्था छ । नेकपा एमालेमा टुक्रिएका टुक्राहरू जोड्ने कुनै कुरा फेला परिरहेको छैन । त्यस्तै मधेसको एक मात्र राजनीतिक दलको स्थितिमा पुगिसकेको जनता समाजवादी पार्टी अब फेरि मधेसका दुई राजनीतिक दलहरूमा परिणत भएर बेथितिको मारमा परेको देखिन्छ ।

मधेसका निम्ति बृहत् राजनीतिक शक्ति निर्माणको अभियान केही अवाञ्छित विकृति हुँदाहुँदै पनि जसोतसो एउटा दलका रूपमा देखा परेदेखि नै यसमाथि चारैतिरबाट प्रहार हुन थालेका थिए । त्यसलाई अप्रत्यासित मान्न सकिन्न । तर त्यसको सामना गर्नुपर्नेमा जनता समाजवादी पार्टीका नेताहरू सजिलै षडयन्त्रमा फस्दै गए र पार्टी विभाजित भयो । यो एउटा राजनीतिक दलको विभाजन मात्र होइन, यस विभाजनले मधेसी, थारु, मुस्लिम, आदिवासी, जनजातिहरू सम्मिलित नेपालको तेस्रो र निर्णायक धार स्थापना गर्ने आशा नै चकनाचुर हुने अवस्थामा पुगेको छ ।

अहिले सतहमा देखिएका घटना परिघटनाको बीजारोपण विगतको आमनिर्वाचनपछि मधेसमा दबाइएका प्रतिनिधिहरू बाट सुरु भएको हो । अर्को निर्वाचन नहुन्जेल अजेय शक्तिका रूपमा उदाएका नेकपाका नेताहरूले यी दुई दललाई साम, दाम, दण्ड, भेदको नीति लिए । उनीहरुलाई निस्तेज बनाउने ध्याउन्नमा लागेका थिए । नेपाली काँग्रेस आफै बेहाल अवस्थामा थियो । तर पनि छुट्टिन सकेको थिएन । जनता समाजवादी पार्टीका रूपमा एकीकृत भएपछि नयाँ दल सबैको आँखाको तारो बनेको थियो ।

जनता समाजवादी पार्टीको एकीकरण खराब समय र हतारमा भएको थियो । राजनीतिमा समर्पित तमाम विज्ञ र परिपक्व राजनीति कर्मीलाई एकीकरण नगरी गठबन्धन गरेर जाऔं भन्दा राजनीतिक स्वार्थले लटपटिएका नेताहरूले सुनेनन् ।

वास्तवमा त्यो समय मधेसी, थारू, आदिवासी(जनजातिहरूको छुट्टै सङ्गठन निर्माण गरी समन्वयात्मक रणनीति बनाएर आन्दोलन तथा निर्वाचनका लागि जाने थियो । तर यसलाई आत्मसात गरिएन । त्यसको परिणाम दुखद् नै रह्यो । यी पार्टी बीचको एकीकरणले कार्यकर्ता सशक्तीकरण र सुदृढ सङ्गठन बनाउन सकेन । त्यसको सट्टा आपसी शक्ति प्रदर्शनले प्रतिक्रियात्मक खतरालाई निम्त्याउने काम गर्यो । अहिलेको परिणतिको मूल कारण पनि यही हो ।

जनता समाजवादी पार्टीको विभाजनले मधेसी, थारु, आदिवासी जनजाति आन्दोलनकारीहरू अहिले पराजयको अनुभूति गरिरहेका छन् । आन्दोलनमा प्रत्यक्ष सहभागी नभए पनि त्यसले उठाएका मुद्दालाई ठीक ठान्नेहरू, विविधताबीच एकतावद्ध राष्टि्रयताका पक्षपातीहरू पनि यसबाट असन्तुष्ट छन् । पहिचान, समावेशिता र राज्यका हरेक अङ्गमा समान सहभागिता नभएसम्म देशमा स्थिरता र समुन्नति प्राप्त गर्न नसकिने तथ्यलाई आत्मसात गरेका व्यक्ति, हिमाल, पहाड र तराईका सबै प्रबुद्धजनहरूलाई यस विभाजनले स्तब्ध बनाएको छ । यस घटनाले मधेसी, थारु र आदिवासी जनजातिको एकत्रित शक्तिलाई खण्डित गरेको छ । मधेसका दुई सशक्त नेतृत्वदायी शक्तिलाई निस्तेज पारेको छ ।

यस विभाजनले पार्टीभित्रकै केही व्यक्ति खुसी पनि देखिएका छन् । त्यसमा आन्दोलनसँग मतलब नभएका तर स्वार्थ र अवसरलाई मात्र ध्यान दिने व्यक्तिहरु पर्छन् । अहिले यस्तै व्यक्तिका समूह दुवै पार्टीको हर्ताकर्ता बनेका छन् । यसले पनि पार्टीका शुभचिन्तकलाई निराश बनाएको छ ।

यी पार्टीहरू किन विभाजित भए ? अब के होला ? अब कसरी आगाडि बढ्ने ? अहिलेका जल्दाबल्दा विषय यिनै प्रश्नहरू हुन् । खासमा सत्ताको लालसा, स्वार्थ र अहंको टकराब, पार्टीमा सद्भावभन्दा स्वार्थी मानसिकताले गर्दा यस्तो अवस्थामा आएको हो ।

समग्रमा भन्दा व्यक्ति केन्द्रित राजनीति भएर यस्तो अवस्था हुन पुगेको हो । यो सबका बाबजुद विभाजन भने अप्रत्यासित थिएन बरू एकीकरण नै अप्रत्यासित थियो । तत्कालको अल्पकालीन समीकरणको निमित्त सन्तुलन हुनै नसक्ने गरी अड्याएर ठड्याइएका स्तम्भहरू कति दिनसम्म टिक्न सक्थे र ? जनता समाजवादी पार्टीको एकीकरण विचारले, प्रशिक्षणको पृष्ठभूमिले र जन आधारको प्रकृतिले पनि विपरीत ुव बीचको मिश्रण झैँ थियो । जो कुनै पनि स्थितिमा पनि यौगिक बन्न नै सक्दैनथ्यो । एकीकरणको स्वाद नमिठो भए पनि आन्दोलनमा प्रतिबद्ध योद्धाहरू भने परिस्थितिलाई हेरेर मिल्न लागिसकेका थिए । तर कतिपय नेता तथा स्वार्थी समूहले त्यस्तो हुन दिएनन् ।

मधेसी र थारूहरूको आआफ्नै नेतृत्वमा राजनीतिक शक्तिको निर्माण गर्ने अभियानका दृष्टिले यो विभाजन एउटा आवश्यक र ऐतिहासिक घटना पनि मान्न सकिन्छ । यसले एउटा स्पष्ट रेखा कोरेको छ ।

मधेस र आदिवासी जनजातिको आन्दोलनमा लागेका वामपन्थी पङ्क्ति एकातिर समेटिएका छन् । तथ्य पनि यही हो र विस्तारै सबैले मनन गर्ने विषय पनि यही हो ।

यो विभाजन लोकतान्त्रिक र वामपन्थी पङ्क्तिबीच दुई दलका रूपमा भएको भए धेरै हदसम्म ठीक हुन्थ्यो । सहकार्य र गठबन्धनको ठाउँ रहन्थ्यो । तर मधेसी र आदिवासी वामपन्थी पङ्क्ति अहिले खिचडी गठबन्धनमा सामेल भएका छन् । त्यसैले अझै पनि यसका केही अदृश्य पाटा खुल्न बाँकी नै छन् । विभाजित समूह वामपन्थीहरूको एउटा पार्टीका रूपमा प्रकट हुन्छ वा मधेसी र आदिवासी वामपन्थीहरूको समूह बनेर स्वतन्त्र रहन्छ, त्यो आगामी दिनमा प्रष्ट हुनेछ । जे भए पनि, त्यस समूहभित्र अर्को फुट अपरिहार्य र निश्चित छ । वामपन्थी पार्टीभित्र गए त्यसभित्र बाँकी रहेका लोकतन्त्रवादीहरु आफ्नो बाटो लाग्न बाध्य हुनेछन् । अलग्गै एकत्रित हुन खोजे वामपन्थीहरूको नयाँ शक्ति निर्माण गर्ने चाहना भएकाहरू अर्कै बाटो लाग्नेछन् ।

मधेसको आधारभूत जनआधार लोकतन्त्रवादी मानसिकता भएको हुनाले त्यसको पनि प्रभाव पर्ने नै छ । अर्कोतर्फ लोकतान्त्रिक समाजवादी पार्टीको समूहमा यस्ता समस्या छैनन् । तर उनीहरुको बाटो पनि सजिलो भने छैन । यहाँ पनि राजनीतिक मुद्दाभन्दा पनि सत्ताको समीकरणमा अल्झेका, व्यक्तिवादी स्वार्थ र व्यक्तिपूजक लटपटमा लागेका, सङ्गठनमा आइपर्ने समस्या मुकाबिला गर्ने क्षमता नभएका डफ्फाको हालीमुहाली छ ।

नेपालका राजनीतिक दलहरू लगातार असफल हुने मुख्य कारण नेतृत्वमा परिवर्तन नहुनु हो । उनीहरुमा आगामी नेतृत्वका लागि नयाँलाई बाटो छेक्ने एउटा रोगजस्तै बनेको छ । यही कारण यस समूहले पनि नीति र रणनीतिको स्पष्ट धार विकसित गर्न सकेको छैन । राजपा एकीकरणको तौरतरिकाले जन्मेको संस्कार छुट्न सकेको छैन ।

शहीदको आशिष पाएको पार्टीका अधिकांश नेताहरू विगतमा पाएको पदको भूत त्याग्न सकिरहेका छैनन् । त्यसकारण भागबण्डा गरेर खान पल्किएकाहरू नेतृत्वबाट अपेक्षाकृत परिपक्व र प्रशिक्षित समूहबाट पुनः किनारा लगाइने र कनिष्ठहरूको भार बोक्न बाध्य गराइने हो कि भनेर डराएका छन् ।

पहिलो मधेस विद्रोहकै क्रममा मधेसीहरू ‘अब मधेस सरकार’ भन्ने नाराका साथ उत्रेका थिए । यो स्वशासन र सङ्घीयताको पहिलो जनआवाज थियो । मधेसीहरूलाई आफ्नै नेतृत्वमा आफ्नै राजनीतिक सङ्गठनको चाहना राखेका पनि थिए । यो उत्कट आकाङ्क्षा यथारूप अझै कायम छ । आन्दोलनमा नेताहरू जहिले पनि जनताभन्दा पछाडि देखिन्छन् । जनताले बाँधेर तानिरहेको जस्तो भान भइरहको हुन्छ, तर राजनीतिक शक्ति निर्माणको मामिलामा नेताहरू जनतालाई छाडेर एकदमै आगाडि बढेर अलग(थलग परे ।

मधेस र थरूहटका निमित्त अहिलेको आवश्यकता भनेको क्षेत्रीय राजनीतिक शक्तिको निर्माण नै हो, जो पछि मुलुकको शक्ति बन्न सकोस् । तर नेताहरूले क्षेत्रीय आवश्यकताको महत्त्व बुझ्न सकेनन् र यो हालत हुन आयो । सङ्घीयता विरोधी राजनीतिक दलहरूले यसको वास्तविकतालाई राम्ररी बुझेका छन् । बाध्यतावश सङ्घीयता स्वीकारे पनि सङ्घीयता सञ्चालन गर्ने क्षेत्रीय शक्ति बन्न नै नपाओस् भनेर कानुनहरू बनाए । अहिलेको राजनीतिक दलसम्बन्धी ऐन यसको स्पष्ट उदाहरण हो । मधेसका राजनीतिक नेतृत्व यस तथ्यलाई आत्मसात गरी क्षेत्रीय आवश्यकता अनुसार आगाडि बढ्न सके भने अहिलेको स्तब्धताको निदान गर्न सक्छ ।

मधेसी र थरूहट जनताका आगाडि अब कसरी आगाडि बढ्ने भन्ने नै सबभन्दा महत्त्वपूर्ण प्रश्न आएको छ । जे हुनु थियो भइहाल्यो, अब यस क्षतिलाई कसरी पूर्ति गर्ने विषय नै मननीय छ । यसको उत्तर नै अहिले छाएको स्तब्धतालाई समाधान दिने हो । त्यसकारण मधेसी र थारूहरूको समानता, सम्मानपूर्ण पहिचान, समावेशिता र सहभागिताको निमित्तको सङ्घर्षको लक्ष्य प्राप्ति नभएसम्म सङ्घर्षलाई सशक्तका साथ आगाडि बढाउन आफ्नै नेतृत्वको राजनीतिक सङ्गठनको निर्माण गर्नु अहिलेको पहिलो प्राथमिकता हुनुपर्छ । मधेस र थरुहट आन्दोलनका क्रममा भएको नृशंसता र दमनलाई आगामी सङ्घर्षको ऊर्जाको रूपमा प्रयोग गरिनुपर्दछ ।

मधेसीहरू किन आफ्नै नेतृत्व र आफ्नै राजनीतिक शक्ति निर्माण गर्न चाहेका छन्; त्यसको अन्तर्यको आत्मसात गर्नु पनि त्यतिकै जरुरी छ । आफ्नै राजनीतिक शक्ति भनेको आफ्ना मुद्दामाथि प्रतिबद्ध हुनु हो । मुद्दामा केन्द्रित भई प्रतिबद्ध राजनीतिक शक्ति बनाई त्यसलाई मुकामसम्म पुर्याउन सक्ने नेतृत्वको खोजी गर्नु हो । त्यो राजनीतिक शक्ति जात, धर्म वा भाषामा आधारित होइन, मधेसी समाजको राजनीतिक शक्ति हुनुपर्छ । मधेसको विविधताको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ । त्यसको लक्ष्य, दृष्टि, नीति र रणनीति स्पष्ट हुनुपर्छ, अभ्यासमा प्रतिबद्धतासहित परिभाषित हुनुपर्छ ।

यस्तो परिवेशमा असफल नेतृत्वले मधेसको अभिष्ट पूरा गर्नका लागि विश्वास अर्जित गर्न सक्दैन । अब उनीहरूको सल्लाह र सहयोगको भूमिकाले पार्टी निर्माणलाई मजबुत बनाउँदै नयाँ नेतृत्वलाई आगाडि सार्ने प्रयत्नमा लाग्नु आवश्यक छ ।

पार्टीको अहिलेको प्राथमिकता हो । यति गर्यो भने यो पार्टीले मधेस र थरूहटका तमाम जागरुक र प्रवुद्धहरूको सहयोग पाउने निश्चित छ । रातोपाटीबाटज



## मोतीयाबिन्दुको निशुल्क शल्यक्रिया



विराटनगर । लायन्स क्लवको सहयोगमा मोतियानविन्दुको निशुल्क शाल्यक्रिया भएको छ ।

गढी गाउँपालिका वडा नम्बर २ मा लायन्सको समूहले निःशुल्क आँखा शिविरमा संचालन गरेकोमा सो शिविरमा ३ सय ४९ जना जनाका आँखा परीक्षण गराएको थियो। सो मध्ये २४ जनामा मोतियाबिन्दु देखिएकाले तिनीहरुको। निःशुल्क शल्यक्रिया गराई दिएका हुन् ।

रामलाल गोल्छा आँखा अस्पताल विराटनगरको प्राविधिक सहयोग र गढी गाउँपालिकाको सहकार्यमा शिविर गरिएको लायन्स क्लवका जोन चेयरपर्सन घनश्याम पोखरेलले जानकारी दिएको छ ।

सो अवसरमा महिलाको महिनावारी समस्या सम्बन्धी सचेतना, वातावरणीय सचेतना, मास्क वितरण, प्रेसर चेकल गायत सामाजिक कार्यहरु गरेको उनको भनाई छ ।

उक्त कार्यक्रमहरु लायन्स क्लव ३२५ ए वान अन्तर्गत जोन ३६ बाट विराटनगर हलेंसी, शुभम् मिटसिटी, ग्रिनसिटी र सिटी क्लव लगायतको आयोजनामा सुनसरीको गढी गाउँपालिकामा आँखा शिविर सम्पन्न गरिएको छ ।

## बढई जाती उत्थानका लागि यूवा समिति गठन

बिराटनगर। नेपालमा मेची देखि महाकाली सम्म खास गरी तराई मधेशमा बसोवास गर्ने बढईको उत्थान, पहिचान र विकासको लागि यूवा समिति गठन गरिएको छ ।

सप्तरीको बढई जातिका बुद्धीजीवी, यूवा, महिला लगायतको उपस्थितीमा यूवा केन्द्रिय समिति, यूवा जिल्ला समिति चयन गरेको हो ।



प्राइम होली क्रस एकेडेमी (+२), राजबिराजको प्रांगणमा भदौ ५ गते शनिवार भएको बृहत भेला सितल प्रसाद शर्माको अध्यक्षतामा सप्तरीका युवा तथा बुद्धिजिवीहरुको अन्तरक्रिया कार्यक्रम भएको थियो ।

सो कार्यक्रमका प्रमुख अतिथी नेपाल बड्ही/बढई समाजका यूवा संयोजक राम नारायण शर्मा, बिशिष्ट अतिथीमा केन्द्रिय बरिष्ट उपाध्यक्ष हरि नारायण शर्मा, सप्तरी जिल्ला अध्यक्ष बलराम शर्मा, गुलटेन शर्मा, सूर्य नारायण शर्मा, सुरेन्द्र मधेशी, राम नारायण लगायत सयौं बढी समुदायको उपस्थिति रहको थियो । सम्पुर्ण बढई समाजलाई बलराम सुतहारले आफ्नो मन्तव्यवाट स्वागत गरका थिए ।

सोही भेला बाटै सर्व सम्मत रुपमा नेपाल बड्ही/बढई जिल्ला युवा समिती, केन्द्रिय युवा पदाधिकारी र सदस्यहरु चयन समेत चयन गरेको छ । केन्द्रिय यूवा सल्लाकारमा पवन शर्मा यूवा सदस्यमा सुरेश शर्मा र नन्द किशोर शर्मा चयन भएको छ ।

त्यसैगरी प्रमोद कुमार शर्माको अध्यक्षतामा सप्तरी जिल्ला यूवा समिति गठन गरिएको छ । उक्त समितिको उपाध्यक्ष दिनेशवर शर्मा, उपाध्यक्ष सन्तोष शर्मा, सचिव विनोद शर्मा, सह सचिव धर्मदेव शर्मा, कोषाध्यक्ष पुनम कुमारी शर्मा, रहेका छन् ।

सदस्यहरुमा राज कुमार शर्मा, सन्तोष कुमार शर्मा, मुकेश शर्मा, शुबंश शर्मा, किशोर शर्मा, रमेश शर्मा, पप्पु शर्मा, बिशेश्वर प्रसाद शर्मा, पप्पु शर्मा,संजय शर्मा, आशा कुमारी शर्मा, रंणजीला शर्मा, कुलान्न्द शर्मा, प्रकाश शर्मा, अमिरलाल शर्मा रहेका छन् ।

बड्ही/बढई जातिमा सुतिहार, शर्मा, कमार, मिस्त्रि, ठाकुर, बड्ही, बढई, लगायतका थरहरु लेख्ने गरका छन् । बढई जातिको मुख्य बसोवास तराई मधेशको क्षेत्र भनेता पनि अहिले प्राय सवै जिल्लामा बसोवास रहेको छ ।

## डोरीले घाँटीमा कसी दाजुको हत्या

खोटाङ। प्लाष्टीकको डोरीले घाँटीमा कसी दाजुको हत्या गरेको आरोपमा दाजु र भतिजा पक्राउ गरेका छन् ।

खोटाङ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. ३ कांडे का ३३ बर्षीय गिरीराज थापाको हत्यामा संलग्न रहेका उनकै भाई २२ बर्षीय नारायण थापा र भतिजा १५ बर्षीय रुपन थापा पक्राउ परेका छन् ।

भदौ ९ गते दिउसो ११ बजे घरबाट हिडेका गिरीराज घर फर्कि नआएपछी खोजतलास गर्ने क्रममा विहीवार घर देखी अन्दाजी २०० मिटर बारीमा मृत अबस्थामा फेला परे पश्चात प्रहरीलाई खबर गरेका थिए ।

घटनाको जानकारी पाए लगतै जिल्ला प्रहरी कार्यालय खोटाङबाट प्रहरी टोली खटि गई घटनाको प्रकृती हेर्दा हत्या गरेको हुन सक्ने आशंकमा प्रहरीले गहन रुपमा अनुसन्धान थालेको थियो । घटनाको प्रकृती, स्थानियबासीको सोधपुछ तथा अनुसन्धानबाट प्रहरीले विहीवार मृतकका भाई नारायण र भतिजा रुपनलाई पक्राउ गरेको हो ।

पक्राउ परेका उनिहरुले घरयासी बिबादका कारण भैसी बाँध्ने प्लाष्टिकको डोरीले घाँटिमा कसी हत्या गरेको भनि प्रारम्भिक अनुसन्धानमा खुलाई दिए पश्चात कर्तब्य ज्यान मुद्धामा कानुनी कारबाही अगाडी बढाई घटनाको बारेमा थप अनुसन्धान भईरहेको छ ।

## माछा मार्ने क्रममा एकको मृत्यु

मोरङ, । मोरङ उर्लाबारी नगरपालिका वडा नम्बर १ चिसापानीका ३८ बर्षीय बिष्णु जोगीको करेन्ट लागेर मृत्यु भएको छ ।

गत शनिवार सोही स्थानमा रहेको चिस्यानी होली स्थित पैनीमा बिद्युतिय करेन्ट लगाई माछा मार्ने क्रममा बिद्युत सर्ट भई करेन्ट लागि मृत्यु भएको थियो ।

घटनाको जानकारी पाए लगतै ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट प्रहरी टोली खटि गई थप अनुसन्धान गरिरहेको छ ।

## तरमारा...

गर्न सक्ने ठाउँ हुन्थ्यो। आरक्षणको सवालमा सामाजिक-सांस्कृतिक विभेदका साथै गरिबीबीच सन्तुलन कायम गरिनुपर्छ भनिएको भए बहसका लागि एउटा अवस्था हुन्थ्यो। तर आदेशमा त्यस्तो कुरा छैन ।

जहाँसम्म भारतको उदाहरण छ, बिहार हरिजन कल्याण परिषदविरूद्ध सरकारको मुद्दामा सर्वोच्च अदालतले छनौटको प्रक्रिया बदलेर आरक्षण छल्न नपाइने र उपल्लो पदको बढुवामा समेत आरक्षण हुनुपर्ने व्याख्या गरेको छ। त्यस्तै, एमजी बडपनाभरविरूद्ध कर्नाटक सरकारको मुद्दामा संविधानको धारा १६ (समानताको हक) ले राज्यलाई आरक्षणको प्रतिशत बढाउन र घटाउन बाधा नपर्ने भनी व्याख्या गरेको छ। यस कारण त्यहाँ अनुसूचित जाति र जनजातिलाई शैक्षिक संस्थाहरूमा आरक्षण व्यवस्था गरिएको छ ।

अमेरिकामै पनि ब्राउनविरूद्ध बोर्ड अफ एजुसशनको मुद्दामा काला विद्यार्थीहरूलाई गोरासरह भर्ना लिनू भनी गरेको ऐतिहासिक फैसला छ ।

यस कारण उदाहरण सकारात्मक र नकारात्मक दुवै छन्, कुन लिने भन्ने आफ्नो मनसाय र पुष्टि गर्न खोजेको कुरामा निर्भर गर्छ ।

सर्वोच्चको आदेशमा भारतको संविधान संशोधनको आलोचनासमेत भएको छ। यो आलोचनाभन्दा पनि स्विकार्य वा व्याख्या हुने विषय हो। त्यस्तै आदेशमा संविधानको धारा १८ (३) को, खासगरी सांस्कृतिक शब्दको समेत आलोचना भएको आभाष हुन्छ। आदेशले समावेशिता ल्याउने विविधतालाई महत्व नदिएको अनुभूत हुन्छ। क्षमता ठीक हो तर क्षमताको साथ आउने विविधताले राज्यलाई झन् दरिलो बनाउँछ ।

आदेशको बुँदा नम्बर १२१, निर्देशनात्मक आदेश खुला छाडिएको छ। कुनै पनि बेला यो आदेशको दुरूपयोग हुनसक्छ। अलि पुरातनवादी शासक आए भने यही खुला राखिएको आदेशलाई टेकेर आरक्षण कार्यावन्यन नहुने गरी कुरुप बनाउन सक्छन् ।

गरिबी निवारण वा वर्गीय असमानता सम्बोधन गर्न आर्थिक प्याकेज दिने हो। यसका लागि आरक्षण जरूरी छैन। आरक्षण आर्थिक सबलीकरणभन्दा समानुपातिक सहभागिता, विविधता झल्काउने र ऐतिहासिक क्षतिपूर्तिसँग सम्बन्धित सवाल हो।

अदालतको आदेशमा भनिए जस्तै आरक्षण सधैंका लागि प्राप्त हुने कुरा होइन। यसमा कसैले विमति राख्न जरूरी छैन। तर सयौं वर्षदेखि गरिएको अन्यायको क्षतिपूर्ति नहुन्जेल त आरक्षणविरूद्ध कसरी तर्क गर्न सकिन्छ र? आरक्षण लागू भएको १५ वर्षभित्रै यस्तो ठूलो गुनासो गर्न कसरी मिल्छ र ?

नेपालमा आरक्षण कसरी विकृत रूपमा लागू भएको छ भन्ने तथ्यांक केलाउँदा थाहा हुन्छ। यो आदेशले संविधानको धारा १८ र ४२ लाई एकै ठाउँमा राखेर व्याख्या गरेको छ। यी दुई धारा फरक-फरक मकसदका साथ आएका हुन्। एउटै उद्देश्य भएको भए दुइटा धारा राख्नै पर्थेन ।

यस कारण यी धारालाई एकै ठाउँमा राखेर व्याख्या गर्दा धारा १८ (३) को प्रतिबन्धात्मक वाक्यांश भनेको नकारात्मक हक हो। यसको अर्थ असमान अवस्थामा रहेका जात, समुदाय वा लिंगका लागि विशेष व्यवस्था गर्न नसकिने चाहिँ होइन। यदि यसो हुँदो हो त जोन रवल्सले दोश्रो प्राथमिकता वा विशेष व्यवस्था वा सकारात्मक विभेदको न्यायको सिद्धान्त प्रतिपादन गर्ने थिएनन् होला ।

अब तरमारा वर्गको कुरा ।

यसलाई आर्थिक लाभप्राप्त सम्भ्रान्त वर्गका रूपमा बुझ्ने हो भने वञ्चितीकरणमा परेको समुदाय कमजोर प्रकृतिको आरक्षण लागू भएको १५ वर्षमै तरमारा भए होलान्? एक कर्मचारी, इञ्जिनियर, चिकित्सक र शिक्षक भएका मधेसी, दलित, जनजातिका छोराछोरी चिकित्सा शिक्षामा आरक्षण पाउँदा तरमारा हुन्छन् र ?

कर्मचारीतन्त्र, न्यायापालिका, व्यापार, सुरक्षा निकाय, सञ्चारदेखि हरेक क्षेत्रमा पहाडी ब्राह्मण पुरुषको एकक्षत्र राज छ। ८० प्रतिशत संरचना र साधनस्रोतमा नियन्त्रण छ। यो सत्य जान्न कुनै तथ्यांक केलाउनु पर्दैन, सिंहदरबार छिरेपछि खुला आँखाले अनुभूति गर्न सकिन्छ ।

पुस्तौं पुस्तादेखि र अहिले पनि एउटै परिवारका पाँच दाजुभाइ सचिव, प्रमुख सचिव, प्रहरी प्रमुख, न्यायाधीश, प्रमुख जिल्ला अधिकारी भएका परिवारका व्यक्ति तरमारा भएनन्? स्याङ्जा, गुल्मी अर्घाखाँची र अहिले पछिल्लो समय झापा र इलामका ब्राह्मण पुरुषहरू, जसको देशका महत्वपूर्ण अंगमा एकक्षत्र छ, तिनीहरू तरमारा भए कि भएनन् ?

यो समुदायलाई के भन्ने- तरमारा, दरमारा, महमारा, दूधमारा कि हकमारा ?


